बालश्रम विरूद्ध विश्व दिवस २०१६

# आपूर्ति चक्रमा



## बालश्रमको अन्त्य :

### सबैको सरोकार

बालश्रम विरूद्धको अन्तर्राष्ट्रिय अभियानलाई प्रोत्साहित र प्रेरित गर्न अन्तर्राष्ट्रिय श्रम संगठन (आई.एल.ओ.) ले सन २००२ जुन १२ मा प्रथम विश्व बालश्रम विरूद्ध दिवसको आयोजना गर्‍यो । निकृष्ट प्रकारको बालश्रमका सम्बन्धमा आइ.एल.ओ. महासन्धि नं. १८२ र रोजगारीका लागि न्यूनतम उमेर सम्वन्धि आइ.एल.ओ. महासन्धि नं. १३८ को अनुमोदन सदस्य राष्ट्रहरूले व्यापक रूपमा गरेकाले बालश्रम विरूद्धको यो विश्वव्यापी अभियान वास्तवमा नै वढ्दो क्रममा रहेको पाइएको छ ।

आजसम्म १८० देशहरूले निकृष्ट प्रकारको बालश्रमका सम्बन्धमा आइ.एल.ओ. महासन्धि नं. १८२ र १६८ देशहरूले रोजगारीका लागि न्यूनतम उमेर सम्वन्धि आइ.एल.ओ. महासन्धि नं. १३८ को अनुमोदन गरेका छन् । यो विश्वव्यापी समर्थन र प्रतिवद्धताका बाबजुद पनि अन्तर्राष्ट्रिय स्तरमा अझै पनि १६ करोड ८० लाख बालबालिका बालश्रममा संलग्न रहेको अनुमान छ भने नेपालमा १६ लाख बालबालिकाहरू श्रमिकको रूपमा कार्य गर्न बाध्य छन् ।

बालश्रमको प्रयोग धेरै पेशा वा क्षेत्रमा छ, विशेषगरी ग्रामीण तथा अनौपचारिक अर्थतन्त्रहरूमा र श्रमबजारको व्यवस्थापन, ट्रेड युनियन र रोजगारदाता संघसङ्गठनहरूको कमजोर उपस्थिति वा अनुपस्थिती भएको क्षेत्रमा र श्रम निरिक्षकहरू पुग्न नसकेको ठाउँमा हुने गरेको छ । आपूर्ति चक्रमा बालश्रम भन्नाले वस्तुको उत्पादन देखि वितरण सम्मको विभिन्न चरणमा/प्रकृयामा बालश्रमको प्रयोगलाई जनाउँछ । आपूर्ति चक्रमा बालश्रम एउटा सानो वर्कसप वा घरमा पनि हुनसक्छ, जसले गर्दा त्यसको पहिचान र समाधान गर्न कठिन हुन्छ ।

नेपालको संविधान, २०७२ ले बालअधिकार सुनिश्चित गर्नुका साथै बालश्रम निवारणका लागि संवैधानिक व्यवस्था गरेको छ । संविधानको भाग ३ मौलिक हक धारा ३९ अन्तर्गत कुनै पनि बालबालिकालाई श्रममा संलग्न गराउन पाइदैन र यो दण्डनीय छ भनि उल्लेख गरिएको छ । नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयले राष्ट्रिय बालश्रम उन्मूलन नीति तयार गर्ने, बालश्रमसम्बन्धी कानून संशोधन गर्ने, बालबालिकाका लागि जोखिमपूर्ण कामको सूची तयार गर्ने, बालश्रम निरीक्षण तथा अनुगमन निर्देशिका, बालश्रमिक उद्धार, पुनर्स्थापना र पुनर्मिलन सम्बन्धि कार्यविधि निर्देशिका तयार गर्ने र दीगो विकास लक्ष्य अन्तर्गत (Target 8.7) लाई अनुसरण गर्दै २०२५ सम्ममा सबै प्रकारका बालश्रम अन्त्य गर्न नयाँ राष्ट्रिय गुरू योजना तर्जुमा गरिरहेको अवस्थामा उक्त मस्यौदाहरूको तयारी र स्वीकृत भएपछि कार्यान्वयनमा सवैले नेपाल सरकारलाई सहयोग गर्नु आवश्यक छ ।

यो विश्व दिवस बालश्रम विरूद्ध आवाज उठाउने, आपूर्ति चक्रमा हुने बालश्रमको अन्त्यका लागि भइरहेको आह्वानमा साथ दिने अवसर पनि हो । बालश्रमको उन्मूलन सबैको सरोकारको विषय हो र त्यसका लागि सरकार, श्रमिक र रोजगारदाताका संघसङ्गठन र नागरिक समाजको प्रतिबद्धता आवश्यक पर्छ । यो समस्या समाधान गर्नका लागि सबै पक्षको सामूहिक प्रयास आवश्यक हुन्छ, त्यसैले, **आऔं हामी सवै मिलेर बालश्रम विरूद्धको विश्व दिवस २०१६ मा हातेमालो गरौं !**